# अबको पालो हाम्रै नेपालको

किशोर श्रेष्ठ

साइप्रसमा अहिले पनि राष्ट्रसंघीय सेनाको मुकाम छ, तर स्थितिमा कुनै सुधार छैन, न त छत्तीस वर्षदेखि अड्डा जमाउँदै आएको अन्तर्राष्ट्रिय सेना नै त्यहाँबाट हटेको छ। संयुक्त राष्ट्रसंघको त विशेषता नै हो, एकचोटि छिरेपछि छिर्‍यो-छिर्‍यो। सितिमिति ऊ फर्किएको उदाहरणै छैन।

इन्टरनेट, केबल, ब्लग र ब्रोडकास्टिङ सुविधाको पर्याप्तता अर्थात् सञ्चारको दैनन्दिन समृद्धिले पनि कहिलेकाहीँ समस्या ल्याउँदोरहेछ। नेपाल र कतिपय मुलुकमा पत्रकारको घाँटी रेटेर बध गरिएका प्रशस्तै दृष्टान्त हामीले देखे-सुनेका छौं। पत्रकारको घाँटी रेटिनु जति गम्भीर विषय हो, अमेरिकी छापामाध्यमहरू त्योभन्दा गम्भीर समस्यामा परेका रहेछन्। सूचना प्रविधिको तीव्रतम् विकास र त्यसको अतिक्रमणबाट त्यहाँ छापामाध्यम मर्माहत छन्। सबै कुरा मोबाइल फोन र विद्युतीय सञ्चारमाध्यमले तात्तातै दिने भएपछि किन चाहियो प्रेसमा छापेको पत्रिका ? सम्भवतः यही मानसिकता हुनुपर्छ त्यहाँका पाठकमा। त्यसैले त विश्व प्रेस काउन्सिलका हवाई निवासी महासचिव क्रिस कोनिबियर भन्छन्, "अमेरिकामा पत्रकार हैन, छापा पत्रकारिताको अन्तिम श्राद्ध गरिँदैछ।"

टर्की नियन्त्रित साइप्रसको भूमिमा गत मार्च २६-२९ मा सम्पन्न विश्व प्रेस काउन्सिलको बैठकका सहभागीले यी र यस्तै आफ्ना समस्या सुनाए। यो त अमेरिकी सदस्यले व्यक्त गरेको समस्या भयो। प्रेसका हकमा विश्वभर समस्याहरू यस्ता-यस्ता रहेछन्, हामी कल्पना मात्र गर्न सक्छौं।

तान्जानियाका काजुबी मुगाजाङ्गाको अनुभव थियो- हाम्रोमा सञ्चार गृहका मालिकबीच एकअर्कामा आक्रमण हुने गर्छ र अस्वस्थ प्रतिस्पर्धाका कारण तान्जानियाको सञ्चार क्षेत्र आक्रान्त छ।

यस्तै, साइप्रसकी प्रोफेसर सुले अकरले एउटा रिपोर्ट पेश गरिन्, जो हाम्रा लागि पनि मननीय हुनसक्छ- भर्खर साइप्रसमा राष्ट्रपतीय निर्वाचन सम्पन्न भएको छ। र, हालसालै त्यहाँ दुईवटा नयाँ टेलिभिजन च्यानल र त्यत्तिकै सङ्ख्यामा दैनिक अखबार सञ्चालनमा आएका छन्। ती सञ्चारगृहमा कहाँबाट र कसको लगानी ओइरियो, अज्ञात छ। अर्थात्, चुनावका लागि मिडिया हाउस खोल्ने, प्रोपोगण्डा गर्ने, चुनाव जित्ने प्रवृत्ति त्यता पनि उस्तै रहेछ। सारमा भन्नुपर्दा, आजको मिडिया हुनेखानेले अर्काको काँधमा राखेर बन्दुक पड्काउने र आफ्नो अभीष्ट पूरा गर्ने माध्यम बन्दैछ। साइप्रस जस्तो विकसित देशमा हाल १० दैनिक अखबार सञ्चालनमा छन्। टेलिभिजनतर्फ सरकारी च्यानल दुई र निजी च्यानलको सङ्ख्या पाँच छन्। त्यो मुलुक जम्मा ९ हजार २ सय ५१ वर्गकिलोमिटरको क्षेत्रफलमा अवस्थित छ। त्यसमध्ये ३३ सय ५५ वर्गकिलोमिटर भूभाग भएको उत्तरी साइप्रस टर्कीको नियन्त्रणमा छ भने बाँकी भूभाग वाम नियन्त्रित ग्रीसको। ९९ प्रतिशत आधुनिक र उदार मुसलमान समुदायको बसोबास साइप्रसमा छ। जातीय लडाइँले जर्जर बनेको मुलुक हो त्यो। लामो समय त्यहाँ ब्रिटिश उपनिवेश कायम रह्यो। बेलायतले छाडेपछि १९ फेब्रुअरी १९५९ मा स्वीट्जरल्याण्डको जुरिचमा भएको सम्झौताअनुसार साइप्रसको राष्ट्रपतिमा ग्रीक नागरिकको हक लाग्ने र उपराष्ट्रपतिमा टर्किसमूलको भनेर एउटा सम्झौता भयो। तर, यो सम्झौता तीन महिना पनि टिक्न सकेन। त्यसपछि यति सानो देश टुक्रियो। त्यहाँ भारत स्वतन्त्र भएकै दिन १५ अगस्टमा ग्रीसका सेना र जातीय उन्मादीहरू पसेर १६ दिनदेखि ८७ वर्षसम्मका मानिसको नरसंहार मच्चाए। जातीय कारणले अस्थिरता उत्पन्न भएपछि त्यहाँ राष्ट्रसंघीय सेना पस्यो। साइप्रसमा अहिले पनि राष्ट्रसंघीय सेनाको मुकाम छ, तर स्थितिमा कुनै सुधार छैन, न त छत्तीस वर्षदेखि अड्डा जमाउँदै आएको अन्तर्राष्ट्रिय सेना नै त्यहाँबाट हटेको छ। संयुक्त राष्ट्रसंघको त विशेषता नै हो, एकचोटि छिरेपछि छिर्‍यो-छिर्‍यो। सितिमिति ऊ फर्किएको उदाहरणै छैन। दुई साइप्रसलाई छुट्याउने कुनै साँध-सीमा छैन। कुनै स्तम्भ, खोला, पर्खाल, तारजाली वा उत्तर एवं दक्षिण कोरिया या पुरानो पूर्वी र पश्चिमी जर्मनी एवं यमनमा जस्तै विशाल पर्खाल र विद्युतीय तरङ्ग छोडिएको काँडेतार पनि छैन।

टर्कीमा प्रेस कानुन अत्यन्तै कठोर बनाइएको छ। त्यहाँ प्रेसमाथि पाँच विलियन डलरसम्म जरिवाना तोकिएको छ। यति ठूलो दण्ड त मिडिया टाइकुन मानिने रुपर्ट मर्डोकले पनि भुक्तान गर्न सक्दैनन्।

त्यहाँका प्रधानमन्त्री यर्दोगानले 'विरोधी अखबार नपढ्नु' भनेर आफ्नो भाषणमै भन्छन् । त्यहाँको दोस्रो ठूलो मिडिया हाउस 'सबाह' हालै तिनै प्रधानमन्त्रीका छोरी-ज्वाइँले खरिद गरेका छन् ।

टर्किस पत्रकार नदिम सेनार्सले भ्रष्ट प्रहरीतन्त्रबारे एउटा खोजमूलक पुस्तक तयार पारे । तर, राज्यको सूचना चुहाएको आरोपमा उनीमाथि ३४ वर्षको जेल सजाय तोकिएको छ । उता, एकजना प्रहरीले पत्रकारको हत्या गरे । तर, ती प्रहरीलाई भने जम्मा १० वर्षको जेल सजाय तोकिएको छ ।

टर्कीकै अर्को शहर अङ्कारामा 'जम्हुरियत' दैनिकका व्युरो चिफ मुस्तफा बलवाईको पीडाचाहिँ अर्कै छ । उनले 'सैनिक कु हुँदैछ' भन्ने व्यहोराको सूचना सम्प्रेषण गरे । त्यही अभियोगमा उनी विगत एक वर्षदेखि जेलमा बन्दी छन् । तर, जसले कु गर्न लागेको भनिएको हो, ती सैनिक जनरल निर्विघ्न बाहिरफेर हिँडडुल गर्दैछन् ।

दश वर्षे नेपाली जनयुद्ध जस्तै २५ वर्षीय गृहयुद्धले जर्जर बनेको मुलुक हो टर्की । पीकेके नामक माओवादी संगठन र सरकारबीचको लडाइँमा त्यहाँ अहिलेसम्म ३५० बिलियन अमेरिकी डलर बराबरको धनमाल नोक्सान भैसकेको छ भने बत्तिस हजार छापामार र ६ हजार सरकारी सुरक्षाकर्मीको ज्यान गएको छ । युद्धको परिणाम कति भयावह हुनेगर्छ, जान्न धेरै टाढा गइरहनु पर्दैन । हाम्रै उदाहरण काफी छ । टर्कीमा पनि नेपालमा जस्तै बेपत्ता बनाइएकाहरूको संख्या बाक्लो छ । छपन्न सय मानिसको कुनै अत्तोपत्तो छैन । बत्तिस सय गाउँ खाली गराइएको छ भने बीस लाख जनसंख्या विस्थापनको शिकार बनेको छ ।

टर्कीकै प्रेस काउन्सिलमा प्रेसविरुद्ध १ सय ७ उजुरी परेका छन् ।

केन्याको समस्या अर्कै छ । त्यहाँका युवा अखबारप्रति विकर्षित छन् । यतिसम्म कि 'पत्रिकाको कारणले कोही पीडित भएको भए उजुरी दिन आउनू' भनेर त्यहाँको रेडियोले दिनमा तीनचोटि फुक्छ । तर, कसैले पत्रिका पढ्ने भए पो उजुरी दिने कुरा हुन्छ । अहिले त्यहाँको राष्ट्रिय झण्डा फेर्ने विषयलाई लिएर सरकार र सञ्चारकर्मीबीच लडाइँ चलिरहेको छ ।

भारतीय सर्वोच्च अदालतका पूर्व न्यायाधीश तथा भारतीय प्रेस काउन्सिलका अध्यक्ष जीएन रेले भारतीय प्रेसका विसङ्गति पनि सुनाए । उनले भने, "भारतको पत्रिकाले व्यक्तिको विचारलाई समाचार बनाएर प्रस्तुत गर्छन् । हाम्रोमा समाचारको रूपमा राजनीतिको बिक्री हुने गरेको छ ।"

उता, जिम्बाबेमा भने निजी टेलिभिजन, रेडियो र पत्रिका छैनन् । त्यहाँ सरकारनियन्त्रित तीन साप्ताहिक पत्रिका निस्कन्छन् । पत्रकारिता राज्य नियन्त्रित भएपछि त्यसले निष्पक्ष समाचार लेख्ला भन्ने गुञ्जायस त भएन नै, बरु पत्रिकाका कारण कसैलाई कुनै असुविधा पुगेमा त्यहाँका जनता रिपोर्ट गर्न पनि डराउँछन् । राज्य नै लागेर आफूलाई सिध्याउला भन्ने त्रासमा जिम्बाबेली जनता बाँचेका छन् ।

प्रेस स्वतन्त्रता अपहरण गर्ने सरकारी कदमको समर्थन गरेबापत विश्व प्रेस काउन्सिलको सदस्यबाट इजिप्टको प्रेस काउन्सिल खारेजीमा परेको छ ।

विश्व प्रेस काउन्सिलको यस्तै बैठक आगामी अक्टुबर २३-२६ मा नेपालमा हुँदैछ । यो समय यसैपालिको दशैं र तिहारको बीचमा पर्छ । यसपछि सन् २०११ को मार्चमा यस्तै बैठक भारतमा हुने भएको छ भने त्यसपछिको पालो अफ्रिकाको आउने छ ।

*(लेखक विश्व प्रेस काउन्सिलका सदस्य हुनुहुन्छ ।)*